# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, नेपाल

## नगर कार्यपालिका बैठक, बैठक संख्या ०३/०८३/८४

आज मिति २०८३ साल श्रावण ८ गते, शुक्रबार दिउँसो ३:००. बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक कार्यवाहक नगर प्रमुख श्री अइन्द्र विक्रम बेघाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिती:

| क.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री अइन्द्र विक्रम बेघा | कार्यवाहक नगर प्रमुख | धउमनपा | |
| २. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री राजेन्द्र राई | का.वा. वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| ९. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री मनिष विष्ट | का.वा वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २३. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २४. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २५. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २६. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २७. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २८. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २९. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ~~३०.~~ | श्री तीर्थराज राई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| कस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री गणेश प्रसाद खतिवडा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | [illegible] | का. वा. अध्यक्ष | धरान-६ | |
| ३ | विजय राई | सदस्य | धरान-८ | |
| ४ | [illegible] कुमार तामाङ | सदस्य | धरान-१४ | |

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा।**

यस उपमहानगरपालिकाको कार्यपालिका बैठकमा २९ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २३ जना सदस्यहरुको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी भयो।

२. **अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।**

मिति २०८३ श्रावण ४ गते बसेको अघिल्लो कार्यपालिकाको बैठकमा विविध सहित जम्मा २७ वटा निर्णयहरु भएका थिए। उक्त निर्णयहरु मध्ये केही कार्यान्वयन भइसकेका र केही कार्यान्वियनको चरणमा रहेको विषय बैठकमा जानकारी भयो।

३. **आ.व. २०८३/८४ को नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा।**

आ.व. २०८३/८४ का लागि जिल्ला दररेट निर्धारण समिति, सुनसरीले पारित गरेको दररेटलाई नै धरान उपमहानगरपालिका भित्र प्रयोग हुने आवश्यक निर्माण सामाग्री, कामदारको ज्याला, ढुवानी, मेसिन तथा उपकरणको भाडा लगायत पेश भएको नगर दररेट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत नगर दररेट छुट्टै प्रमाणित गरी राखिएको छ।

४. **विविध**

क. **बजेट सिलिङ थप सम्बन्धमा।**

विभिन्न वडाहरुबाट आएको दायित्वहरुमा फरक परेको साथै केही विषयगत समितिहरुको तर्फ पनि केही विषय छुट भएकोले सो छुट भएको विषय मिलाउन स्रोत अनुमान तथा बजेट सिलिङ निर्धारण समितिको बैठक बसी निर्णयमा पुग्ने निर्णय गरियो।

ख. **बसपार्कमा प्रवेश शुल्क छुट दिने सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको नयाँ बसपार्क सञ्चालनलाई व्यवस्थित, प्रभावकारी तथा यात्रुवाहक सार्वजनिक सवारी साधनलाई बसपार्क भित्रबाट नियमितरूपमा सञ्चालन गर्न प्रोत्साहन गर्ने उद्देश्यले २०८३ श्रावण १ गतेदेखि १ महिनासम्म सवारी साधनलाई बसपार्कमा प्रवेश शुल्क छुट दिने निर्णय गरियो।

ग. **नक्सापास दस्तुर छुट सम्बन्धमा।**

यस उपमहानगरपालिकाको वडा नं २० माछामारामा नेपाल हसपीस केयर सेन्टरले दीर्घरोग तथा जीवनको अन्तिम अवस्थामा रहेको बिरामीलाई मानवीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले भवन निर्माण गर्न लागेको र उक्त संस्था गैर नाफामूलक भएकाले भवन निर्माण गर्दा लाग्ने नियमानुसारको राजश्व छुट गरिदन भनी माग गरेको र सम्बन्धित वडाबाट समेत सिफारिश प्राप्त भएको हुँदा यस उपमहानगरपालिकाको राजश्व परिचालन ऐन २०७७ को दफा ५४ को उपदफा २४ मा मुनाफाका उद्देश्य नराखी स्थापना भएको सामाजिक, धार्मिक, शैक्षिक लगायतका अन्य व्यक्ति, संस्था वा निकायले सेवामूलक कार्य प्रयोग गर्ने उद्देश्यले निर्माण गरिने भवन वा संरचनामा लाग्ने राजश्वमा ४० प्रतिशत छुट दिन सकिने भन्ने व्यवस्था रहेको हुँदा उक्त संस्थाको भवन निर्माण गर्दा लाग्ने दस्तुरको ४० प्रतिशत छुट दिने निर्णय गरियो।

**आजको बैठक बेलुकी ६ बजे समाप्त भयो।**

२०८३।४।